# प्रदेश सभा

# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**वैठक संख्या :- १३**

मिति २०८०।०९।०३

## छलफल तथा निर्णय

निर्णयहरु :

१. प्रदेश सरकारले सम्वत २०८० फाल्गुण २३ र २४ गते कैलालीको धनगढीमा आयोजना गर्न लागेको "सुदूरपश्चिम लगानी तथा विकास सम्मेलन" को खाका, अवधारणा लगायतका विषयमा समिति समक्ष छलफल तथा जानकारी गर्नका लागि आर्थिक मामीला मन्त्री, मन्त्रालयका सचिवलाई समितिको आगामी बैठकमा बोलाउने निर्णय गरियो ।

२. समितिको क्षेत्राधिकारभित्र पर्ने ३ वटा मन्त्रालय र मातहतका निकाय समेतले सञ्चालन गर्ने कार्यहरुको बारेमा आवश्यक पर्ने स्थलगत अध्ययन अवलोकन भ्रमण, अन्तरक्रियात्मक कार्यक्रम, क्षमता अभिवृद्धि सम्बन्धी कार्यहरु, तालीम, गोष्ठी, सम्मेलन आदि कार्यहरु गर्नका लागि एवं समितिको काम कारवाहीलाई प्रभावकारी तथा उपयोगी बनाउनका लागि आवश्यक पर्ने विभिन्न प्रविधि, उपकरण लगायतका उपयोगी भौतिक सामग्रीहरु र समितिबाट आयोजना हुने अभिन्न कार्यक्रमका लागि सचिवालयसँग पत्राचार गर्ने तथा नेपालस्थित विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थाहरुबाट समेत सहयोग उपलब्ध हुने भएमा समितिको आवश्यकतानुसार त्यस्ता सहयोग लिने निर्णय गरियो ।

३. तराई भूपरिधि कार्यक्रम नेपाल (TAL) ले चालु वर्षमा सुदूरपश्चिम प्रदेशमा के कस्ता कार्यक्रमहरु सञ्चालन गरेको छ? आगामी वर्षमा के कस्तो कार्यहरु गर्ने योजना तय गरेको छ? के कस्ता कार्यक्रमहरु सुदूरपश्चिम प्रदेश सभा र यस समितिसँगको समन्वय र सहकार्यमा गर्नसक्ने हो? सो सम्बन्धी विवरण माग गर्ने निर्णय गरियो ।

४. सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०७४ को नियम १५५ बमोजिम समितिले आफ्नो कार्य समयमै सम्पादन गर्नका लागि वार्षिक कार्यतालिका तयार गर्नुपर्ने व्यवस्था भएबमोजिम अर्थ विकास तथा प्राकृतिक श्रोत समितिको वार्षिक कार्यतालिकाको मस्यौदा तयार गर्नका लागि समितिका सचिवलाई निर्देशन दिने निर्णय गरियो ।